रतुवामाइ नगरपालका
# नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरंग

१ नं. प्रदेश, नेपाल

## विषय:- बोलपत्र आव्हानको सूचना ।
### प्रथम पटक प्रकाशित मिति २०७८/१२/०७

प्रस्तुत विषयमा यस रतुवामाई नगरपालिकाकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारको निर्माण कार्य बोलपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले निर्माण कार्यको लागि इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायी/फर्म हरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको तपशिल अनुसारको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

तपशिल :

| क्र.स. | ठेक्का नं | योजनाको नाम | लागत अनुमान रकम रु. (कन्टिजेन्सी समेत) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरी दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | Rmun/NCB/Works/25/ 2078-079 | खेति योग्य जमिनमा सिंचाईका लागि आवश्यक स्थानमा विद्युत पोल खरिद | ४९,८६,९१३।६२ | १,४५,०००।०० | ३०००।- (तीन हजार मात्र) |
| २. | Rmun/NCB/Works/26/ 2078-079 | आमबारी – सोमबारे सडक तथा अन्य स्थानहरुमा सडक बत्ति जडान | २७,९३,५६५।१४ | ८०,०००।०० | ३०००।- (तीन हजार मात्र) |
| ३. | Rmun/NCB/Works/27/ 2078-079 | रतुवामाई नगरपालिकाका वडा नं १,२,३,४,५,६ र ७ का भित्रि टोल र अन्य स्थानहरुमा सडक बत्ति जडान | ४९,९३,८०७।२२ | १,४५,०००।०० | ३०००।- (तीन हजार मात्र) |
| ४. | Rmun/NCB/Goods/06/ 2078-079 | हिउदे धानको बिउ खरिद | ३९,९९,७४७।५० | १,१५,०००।०० | ३०००।- (तीन हजार मात्र) |

१. बोलपत्रपत्र फारम मिति २०७९/०१/०६ गते कार्यालय समय भित्र चालु आ को लागि नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नं प्रमाण पत्र, आ.व २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र, कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरि निवेदन सहित रु १० को टिकट टाँसी बोलपत्रको आवश्यक राजश्व दस्तुर र (सम्बन्धित ठेक्का नं र नाम खुलेको) बुझाएको बैंक भौचर पेश गरि यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

   वैंकको नाम:- मेघा बैंक नेपाल लि. सिजुवा,शाखा

   आन्तरिक राजश्व खाता , खाता नं.- ००८००१०८४१२६३

२. बोलपत्र फारम मिति २०७९/०१/०७ गते दिनको १२.०० वजे सम्म अधिकार प्राप्त व्यक्तिले दस्तखत गरि फर्म/कम्पनीको छाप समेत लगाई पेश गर्नुपर्ने छ। बोलपत्र सोहि दिनको १:०० वजे देखि यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खोलिने दिन विदा पर्न गएमा सो कार्य लगतै कार्यालय खुलेको दिन हुनेछ ।

४. बोलपत्रसाथ मेघा बैंक नेपाल लि. सिजुवा शाखामा रहेको रतुवामाई नगरपालिकाको धरौटी खाता नं.००८००१००८९७५१ मा फर्मको नामवाट जमानत बापतको नगद रकम जम्मा गरेको भौचर वा पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एक सय वीस) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरिएको बैक जमानत (बैक ग्यारेण्टी) पेश गर्नु पर्ने छ । सो बैक जमानत/भौचरमा सम्बन्धित ठेक्का नं र निर्माण कार्यको नाम उल्लेख भएको हुनु पर्ने छ।

५. यस कार्यालयवाट प्राप्त गरेको बोलपत्र फारममा उल्लेखित कार्यको छुट्टाछुट्टै बोलपत्र भरि प्रति इकाई दर अंक र अक्षर दुबैमा स्पस्ट खुलाउनुपर्ने छ ।

६. म्याद नाघी आएको वा रित नपुगेको वा विभिन्न शर्तहरु उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन, बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने निर्णय यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३,(संसोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

८. बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला संसोधन गर्न सक्नेछ र उक्त संसोधन सम्बन्धि जानकारी यस कार्यालयको सूचना पाटि वा वेबसाईटमा राखिनेछ। कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र पुरै वा आंशिक रूपमा स्विकार / स्विकृत गर्ने वा अस्विकार /अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहको छ ।

९. बोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको फोन नं. ०२१-४१४०५२ वा वेवसाईट www.ratuwamaimun.gov.np \ official E-mail:- ratuwamaimunicipalityinfo@gmail.com मा सम्पर्क गर्न \ हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा, मोरङ्ग

Scanned with CamScanner